प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
रोल्पा

website:rolpa.akc.gov.np
email:akcrolpa@gmail.com
Phone no.: 086-440118,440302

प.सं.: ०७८/०७९
च.नं.

## प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८/१०/२८

कृषि ज्ञान केन्द्र, रोल्पाको चालु आ.ब. ०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपशिलको कार्यक्रम संचालन गर्न इच्छुक आवेदकले आवश्यक कागजात संलग्न राखी सूचना प्रकाशित भएको मितिले १५ दिन (२०७८/११/१३ गते) भित्र कार्यालय समयमा तोकिएको ढाँचामा यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

| क्र.स. | कार्यक्रमहरूको नाम/ लक्ष्य | बजेट (रु. लाखमा) | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | आवेदकको किसिम | अनुदानको सीमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नमूना प्राङ्गारिक फर्म स्थापना कार्यक्रम (पटक-१) | ६ | प्राङ्गारिक उत्पादन प्रवर्द्धन कार्यक्रमसँग सम्बन्धित अनुसुची ६ (क) देखि ६( छ) मा उल्लेख भए बमोजिम। | खुल्ला जमीनमा एकल फर्मको हकमा कम्तीमा ५ रोपनी र सहकारी वा समूहको हकमा ६० रोपनीमा खेती गर्नुपर्नेछ। | कृषक समूह, सहकारी र कृषि फर्म | पूर्वाधार निर्माणको हकमा कार्यविधिको दफा ५ बमोजिम। अन्य क्रियाकलापहरुमा बढीमा ५० प्रतिशत | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ बमोजिम |
| २ | संरक्षित संरचनामा प्राङ्गारिक तरकारी उत्पादन कार्यक्रम (पटक-१) | ४ | -प्राङ्गारिक उत्पादन प्रवर्द्धन कार्यक्रमसँग सम्बन्धित अनुसुची (६) क देखि ६(छ) मा उल्लेख भए बमोजिम | कम्तीमा १५०० वर्ग मिटरमा संरक्षित संरचना भित्र खेती गर्नुपर्नेछ।<br>-प्राङ्गारिक उत्पादन प्रवर्द्धन कार्यक्रमसँग सम्बन्धित अनुसूची ६(क) देखि ६ (छ) मा उल्लेख भए बमोजिम | कृषक समूह, सहकारी र कृषि फर्म | पूर्वाधार निर्माणको हकमा कार्यविधिको दफा ५ बमोजिम। अन्य क्रियाकलापहरुमा बढीमा ५० प्रतिशत | |
| ३. | प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम (पटक-३) | १३ | प्राङ्गारिक उत्पादन प्रवर्द्धन कार्यक्रमसँग सम्बन्धित अनुसुची (६) क देखि ६(छ) मा उल्लेख भए बमोजिम । | खुल्ला जमीनमा एकल फर्मको हकमा कम्तीमा ५ रोपनी र सहकारी वा समूहको हकमा ६० रोपनीमा खेती गर्नुपर्नेछ। | कृषक समूह, सहकारी र कृषि फर्म | पूर्वाधार निर्माणको हकमा कार्यविधिको दफा ५ बमोजिम। अन्य क्रियाकलापहरुमा बढीमा ५० प्रतिशत | |
| ४. | प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम (पटक-१) | २० | आलु/प्याज, मसला/तरकारी/ फलफूलबाली/खाद्यान्न तथा तरकारी वीउ उत्पादन | उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को दफा ५ बमोजिम | कृषक समुह/ निजि फर्म/ कृषि सहकारी | उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को दफा ६ बमोजिम | उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ |

भरतमणी पोखरेल
कार्यालय प्रमुख

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
रोल्पा

website:rolpa.akc.gov.np
email:akcrolpa@gmail.com
Phone no.: 086-440118,440302

प.सं.: ०७८/०७९
च.नं.

| क्र.स. | कार्यक्रमहरूको नाम/ लक्ष्य | बजेट (रु. लाखमा) | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | आवेदकको किसिम | अनुदानको सीमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ५. | महिला उद्यमी, समुह, सहकारी लक्षित विशेष कृषि कार्यक्रम (पटक-१) | १० | लक्षित वर्गले कृषि व्यवसायको उत्पादन, प्रशोधन तथा बजारीकरणमा सहयोग पुग्ने कार्यक्रम संचालन गर्ने | -बाली/ बस्तु उत्पादन कम्तिमा २ रोपनीमा गर्नुपर्ने<br>-मौरी र च्याउको हकमा कम्तीमा ६ वटा माहुरी घार (गोलासित ) वा च्याउ न्युनतम ४० पोका च्याउको वीउ प्रयोग गरी उत्पादन गर्नुपर्ने | समुह/ सहकारीमा आवद्ध महिला वा महिलाको नाममा कृषि फर्म दर्ता हुनुपर्ने | स्वीकृत कार्ययोजनाको अधिकतम ८०% वा बढीमा रु ८० हजार अनुदान उपलब्ध गराईने छ | कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन तथा लक्षित समुदाय क्षमता अभिवृद्धि कार्यविधि ,२०७८ बमोजिम |
| ६. | बीज वृद्धी कार्यक्रमको लागि पूर्वाधार विकास सहयोग कार्यक्रम (पटक-१ ) | १५ | बीउ भण्डार गृह, अन्न भण्डार गृह, बीउ सुकाउने थुहरा, खलियान, बीउ प्रशोधन प्लान्ट, मल भण्डारण गृह, मेशिन औजार भण्डारण टहरा, विषादी भण्डारण गृह, आवश्यकता अनुसार अन्य । | वीउ उत्पादन, बजारिकरण र उपयोगमा संलग्न कृषक, कृषक समूह, बीउ विजनसँग सम्बन्धित सहकारी संस्था, सामूदायिक बीउ बैंक, निजी फर्म वा कम्पनी हुनुपर्ने। | वीउ उत्पादनमा संलग्न हुनेपर्ने | प्रति प्रस्ताव कुल लागतको ५० प्रतिशत । | वीउ बिजन उत्पादन, आपूर्ती तथा व्यवस्थापन निर्देशिका, २०७८ बमोजिम |
| ७. | वीउ प्याकेजिङ्ग मेशिनरीमा सहयोग (पटक-१ ) | २ | वीउ प्याकेजिङ्ग मेसिन खरिद। | | | प्रति प्रस्ताव कुल लागतको ५० प्रतिशत । | |
| ८. | लेवलिङ्ग तथा प्याकेजिङ्ग सामाग्री उपलब्ध गराउने कार्यक्रम (पटक-१ ) | २ | लेवलिङ्ग तथा प्याकेजिङ्ग सामाग्री खरिद। | | | प्रति प्रस्ताव कुल लागतको ५० प्रतिशत । | |

संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु
१. प्रस्तावकको निवेदन ।
२. दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्वर प्रमाण-पत्र तथा गत आर्थिक वर्षमा कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (समूह, सहकारी र समितीको हकमा) ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्वर तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (छनौट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने) ।
५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रम प्रकृती अनुसार) ।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।

भरतमणी पोखरेल
कार्यालय प्रमुख

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
रोल्पा

website:rolpa.akc.gov.np
email:akcrolpa@gmail.com
Phone no.: 086-440118,440302

प.सं.: ०७८/०७९

च.नं.

९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।

१०. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्षको करार पत्र (निर्माणको हकमा २० वर्ष).

११. जग्गा कर (तिरो) तिरेको रसिदको प्रतिलिपी ।

१२. दोहोरो अनुदान नलिएको स्वःघोषणा ।

<u>प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमको हकमा संलग्न गर्नुपर्ने कागजातहरु</u>

१. सहकारी वा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि
२. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
३. संस्थाको हकमा गत वर्षको लेखापरीक्षण प्रतिवेदन
४. अनूसूची-५ अनुसारको कार्ययोजना
५. कार्यक्रम सञ्चालन भएको स्थलको फोटोहरु
६. सम्बन्धित स्थानीय तहको सिफारिश
७. सहकारीको हकमा गत वर्षको वार्षिक साधारण सभाको प्रतिवेदन

पुनश्च : कार्यक्रम सञ्चालन सम्बन्धमा थप जानकारी र आवश्यक ढाँचाहरुको लागि उल्लेखित कार्यक्रमको स्वीकृत कार्यविधि तथा निर्देशिका यस कार्यालयको वेभसाईट rolpa.akc.gov.np मा हेर्न सकिने छ वा कार्यालयको टेलिफोन नं. ०८६-४४०३०२ र ४४०११८ मा सम्पर्क गर्न सकिने छ ।

..............
भरतमणि पोखरेल
प्रमुख

भरतमणि पोखरेल
कार्यालय प्रमुख